राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

ने.रा. बैंकबाट 'क' वर्गको इजाजत पत्र प्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

## केन्द्रीय कार्यालय

## प्रतिक्षासूचिका उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गरिएको सूचना

मिति : २०८०।०१।१२

यस बैंकको निम्न तह र पदमा पदपूर्ति गर्न मिति २०७८।०७।१४ मा प्रकाशित विज्ञापन अनुसार खुला प्रतियोगितात्मक लिखित परीक्षा र अन्तर्वार्तामा सफल उम्मेदवारहरुलाई यस बैंकको पदपूर्ति समितिको निर्णयानुसार तह ४ सहायक पदमा नियुक्तिका लागि योग्यताक्रम सिफारिस गरिएको सूचना मिति २०७९।११।२५ (बि.नं.९६।२०७८।०७९ (कोशी प्रदेश र सो अन्तर्गतका कार्यालय), मिति २०७९।१२।११ (बि.नं. ९८।२०७८।०७९ (वागमती प्रदेश अन्तर्गत(उपत्यका बाहिर) का कार्यालय) र मिति २०७९।१२।१८ (बि.नं.१००।२०७८।०७९ (लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय) र बि.नं.१०१।२०७८।०७९ (कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय)) मा प्रकाशन गरिएकोमा केही उम्मेदवारहरुले नियुक्तिपत्र लिन नलिएको कारणले रिक्त हुन गएको पदमा पदपूर्ति समितिको निर्णयानुसार सम्बन्धित विज्ञापनको सम्बन्धित समूहको प्रतिक्षा सूचिमा रहेका तपसिलमा उल्लेखित उम्मेदवारहरुलाई प्रतिक्षा सूचिको योग्यताक्रमानुसार नियुक्तिका लागि सिफारिस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रतिक्षासूचिबाट नियुक्तिकालागि सिफारिस गरिएका उम्मेदवारहरुले नियुक्ति पत्र लिनका लागि नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त चिकित्सकबाट प्रमाणित गरिएको निरोगिताको प्रमाणपत्र, ३ प्रति पासपोर्ट साईजको फोटो र नागरिकता तथा शैक्षिक योग्यताका प्रमाणपत्रका एक / एक प्रति प्रमाणित प्रतिलिपिहरु र आफ्ना परिवारका सदस्यहरु (बाबु, आमा, श्रीमान / श्रीमति विबाहित महिला उम्मेदवारहरुको हकमा सासु, ससुरा) को नागरिकताको प्रमाणपत्रको प्रतिलिपि लिई यस बैंकको केन्द्रीय कार्यालय मानव संशाधन विभागमा सम्पर्क राख्नु हुन अनुरोध छ । प्रतिक्षा सूचिबाट नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र नियुक्ति पत्र लिन सक्नेछन् । नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरु नेपाल सरकार वा नेपाल सरकारको पूर्ण तथा आंशिक स्वामित्व भएका संघ संस्थामा कार्यरत भएमा अनिवार्य रुपमा राजिनामा स्वीकृत भएको प्रमाण पेश गर्नु पर्नेछ ।

यसरी प्रतिक्षासूचिबाट नियुक्तिकालागि सिफारिस गरिएका उम्मेदवारहरुलाई बैंकको निर्णयानुसार तपसिल बमोजिमका शाखा कार्यालयहरुमा पदस्थापन गरिएको व्यहोरा समेत जानकारी गराइन्छ । प्रतिक्षासूचिका उम्मेदवारहरुलाई नियुक्तिकालागि सिफारिस गरिएको सूचना यस बैंकको Website: www.rbb.com.np को Notice को Career notice मा समेत राखिएको व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

प्रतिक्षा सूचिबाट तह ४ सहायक (प्रशासन सेवा, प्रशासन समूह) पदमा नियुक्तिका लागि सिफारिस गरिएका उम्मेदवार र पदस्थापन गरिएको शाखा कार्यालय :

| क्र.सं. | वि.नं. | प्रतिक्षा सूचिको | | रोल नं. | नाम र थर | पदस्थापन गरिएको | |
|---|---|---|---|---|---|---|---|
| | | यो.क्र.नं. | समूह | | | शा.का. | जिल्ला |
| १ | ९६।२०७८।०७९ (कोशी प्रदेश र सो अन्तर्गतका कार्यालय) | १ | खुला | १९६०४३८२ | श्री देवराज खड्का | सु.ब. बिराटनगर | मोरङ |
| २ | ९८।२०७८।०७९ (वागमती प्रदेश अन्तर्गत (उपत्यका बाहिर) का कार्यालय) | १ | आ.ज. | ३९८१४८०१ | श्री स्वस्तिका घिसिङ | मन्थली | रामेछाप |
| ३ | १००।२०७८।०७९ (लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय) | १ | खुला | ५१०००२७५२ | श्री डिल्ली खत्री | खजुरा | बाँके |
| ४ | | १ | आ.ज. | ५१०००२७८२ | श्री दिनेश चौधरी | रिडीबजार | गुल्मी |
| ५ | १०१।२०७८।०७९ (कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय) | १ | खुला | ६१०१०१३२९ | श्री हिमराज खत्री | लुहाम | सल्यान |
| ६ | | १ | महिला | ६१०१०२४८५ | श्री पवित्रा कार्की | मुसीकोट | रुकुमपश्चिम |

सदस्य सचिव
पदपूर्ति समिति
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड